# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

२०८१


०७६-५४०११४

dfogautambuddha@gmail.com

www:http//:dfogautambuddha.gov.np

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

२०८१


०७६-५४०११४

dfogautambuddha@gmail.com

www:http//:dfogautambuddha.gov.np

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१

लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

## डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

२०८१


०७६-५४०११४

dfogautambuddha@gmail.com

www:http//:dfogautambuddha.gov.np

| | |
|---|---|
| प्रकाशक | लुम्बिनी प्रदेश सरकार<br>वन तथा वातावरण मन्त्रालय<br>वन निर्देशनालय<br>डिभिजन वन कार्यालय, कपिलबस्तु (गौतमबुद्ध)<br>चन्द्रौटा, कपिलबस्तु<br>फोन नं. ०७६-५४०११४<br>ईमेल : dfogautambuddha@gmail.com<br>वेवसाईट : www.dfogautambuddha.gov.np |
| प्रतिलिपी अधिकार | डिभिजन वन कार्यालय, कपिलबस्तु (गौतमबुद्ध) |
| कभर फोटो | शिवराज साझेदारी वन व्यवस्थापन समिति, कपिलबस्तु<br>फोटोः प्रेम शंकर प्रसाद, ब.ब.अ. |
| प्रकाशन मिति | आर्थिक बर्ष २०८०/०८१ |

सुशासन (ब्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम सार्बजनिक गरिएको बार्षिक प्रगति प्रतिबेदन तथा डिभिजन वन कार्यालयको गतिबिधि सम्बन्धी जानकारी ।

# दुई शब्द



वन क्षेत्रको संरक्षण तथा दिगो ब्यबस्थापनमा समुदायमा आधारित वन ब्यबस्थापनका बिभिन्न मोडेलहरुले समग्र मुलुकको प्राकृतिक श्रोत ब्यबस्थापनमा ठूलो योगदान पुरयाईरहेको छ। नेपाल सरकारको वन निति २०५७ ले तराई, भित्री मधेस तथा चुरेक्षेत्रको वन विनाश गतिलाई निरुत्साहित गरी जैविकविविधताको संरक्षण गर्न जनसहभागितामा आधारित वन ब्यबस्थापनमा जोडदिनुपर्ने कुरा औल्याएको पाईन्छ। सोही जनसहभागितामा आधारित एकिकृत वन ब्यबस्थापनको अपरिहार्यता महशुस गरी यस डिभिजन अर्न्तगतको वन क्षेत्रको संरक्षण र ब्यबस्थापन संबन्धि बिभिन्न क्रियाकलापहरु संचालन गरिदै आएका छन्। वन तथा वातावरण मन्त्रालयको पुर्नसंरचना भएसंगै डिभिजन वन कार्यालय, कपिलबस्तु (गौतमबुद्ध) को नामबाट २०७५ साल श्रावण देखी यस डिभिजन वन कार्यालय संचालनमा आएको थियो। यस डिभिजन अर्न्तगतको क्षेत्रमा ३ वटा साझेदारी वन, ५४ वटा सामुदायिक वन, १ वटा धार्मिक वन र १ वटा प्रस्तावित संरक्षित वन रहेको छ।

नयाँ डिभिजनको आ.ब.२०८०/०८१ मा संचालन गरिएका वन संरक्षण तथा ब्यबस्थापनमा भएका प्रयास, वन अतिक्रमण रोक्न स्थानिय सरोकारवालाहरुको चासो, वनक्षेत्रको स्थिति तथा बार्षिक रुपमा संचालन गरिएका बिबिध गतिबिधिहरु बारे अवगत गराउनु आवश्यक देखिएकोले यो पुस्तिका तयार गरिएको हो। यस बार्षिक पुस्तिका तयारीका लागि आवश्यक सम्पुर्ण सामाग्री तथा तथ्याङ्क एकत्रित गरी पुस्तकको आकार दिन सहयोग पुर्‍याउनुहुने सहायक वन अधिकृत श्री गणेश कुमार थारु लगाएत यस डिभिजन वन कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। आउदा दिनहरुका यस पुस्तिकालाई अझ बढी सरल, उपयोगी, तथ्यपरक र सूचनामुलक वनाई परिमार्जन गर्नका लागि समस्त पाठकहरुको अमुल्य सहयोग, सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरेको छु साथै यही पुस्तीकाको सहयोगले आगामी योजना बनाउन र वन तथा वातावरण जस्ता प्राकृतिक श्रोतहरुको दीगो ब्यबस्थापन गर्न विशेष सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु।

**बेसिन्द्र राज सुवेदी**
**सिनियर डिभिजनल वन अधिकृत**

# प्रतिबेदनको सारांश

**समष्टिगत कार्यक्रम तथा सो को बित्तिय प्रगति बिवरण**

**(क) आयोजना/कार्यक्रमको संख्यात्मक बिवरण:**

डिभिजन वन कार्यालय, कपिलबस्तु (गौतमबुद्ध) को लागि चालु आ.व.२०८०/०८१ मा तपसिल बमोजिमको कार्यक्रम/आयोजना स्वीकृत भई समष्टिगत रुपमा तपसिल बमोजिम प्रगति भएको देखिन्छ।

| आयोजनाको नाम | कूल आयोजना /कार्यक्रम | सम्पन्न भएका कृयाकलाप | ठेका पट्टा भइ जारी रहेका | कार्यान्वयन प्रारम्भ नभएको |
|---|---|---|---|---|
| वन, वातावरण, जै. बि. संरक्षण ब्यव. | ७ आयोजना (१९ कृयाकलाप) | १६ कृयाकलाप | ० | ३ |
| वनक्षेत्र भित्रका खोल्साखोल्सी ब्यव. | १ आयोजना (१ कृयाकलाप) | ० | ० | १ |
| वन उद्यम र पर्यापर्यटन प्रबर्द्धन कार्यक्रम | १ आयोजना (१ कृयाकलाप) | ० | ० | १ |
| कृषि वन तथा बृहत्तर हरियाली प्रबर्द्धन | ३ आयोजना (११ कृयाकलाप) | ११ वटा कृयाकलाप | ० | ० |
| संघ सशर्त अनुदान | १ आयोजना (६ कृयाकलाप) | ६ कृयाकलाप | ० | ० |
| समृद्धिका लागि वन कार्यक्रम | ७ आयोजना (२० कृयाकलाप) | १६ कृयाकलाप | ० | ४ |
| कूल | २० आयोजना (५८ कृयाकलाप) | ४९ कृयाकलाप | ० | ९ कृयाकलाप |

**(ख.१) समष्टिगत बित्तिय प्रगति (बार्षिक) बिवरण:**

समष्टिगत वित्तीय प्रगति विवरण (बार्षिक)

| कार्यक्रमको नाम | बार्षिक बजेट (रु.लाख) | | | बार्षिक खर्च रकम बजेट संग (रु.लाख) | | | भौतिक र वित्तिय प्रगति प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | जम्मा | चालु | पुँजिगत | जम्मा | भौतिक | वित्तिय |
| ३२९००११२ (वन, वातावरण तथा जै.वि. सं.) | ७ | १३६ | १४३ | ६.९३ | १०२ | १०८.९३ | ८४% | ७६% |
| ३२९००११४ वनक्षेत्रभित्रका खोल्साखोल्सी व्यव. | ० | २० | २० | ० | ० | ० | ० | ० |
| ३२९००११७ पर्यापर्यटन प्रवर्द्धन | ० | ५ | ५ | ० | ० | ० | ० | ० |
| ३२९००११८ (कृषि वन) | ० | ८२.५ | ८२.५ | ० | ७१.८४ | ७१.८४ | ९२% | ८७% |
| ३२९१११४ (संघ सशर्त) | ० | ४४.५ | ४४.५ | ० | ३४.०२ | ३४.०२ | ८२% | ७६% |
| ३२९९११२१ (समृद्धि) | २०२.४ | ६.०० | २०८.४४ | ९०.६६ | ६.०० | ९६.६६ | ६३% | ४६% |
| कार्यालय स्तरको जम्मा | २१०.१ | २९४.१० | ५०३.४४ | ९७.५९ | २१३.८६ | ३११.४५ | ८१% | ६२.२७ % |
| प्रशासनिक (३२९०१०१३) | ४४४ | २ | ४४६ | ४०२.०७ | १.६२ | ४०३.६९ | प्रशासनिक वित्तिय प्रगति (८४.०२%) | कुल वित्तिय प्रगति ६९% |
| प्रशासनिक (३२९९११२३) | ४६.२ | ० | ४६.२ | ० | ३२.७३ | ३२.७३ | | |
| प्रशासनिक (३२९९११२५) | ९०.६ | ० | ९०.६ | ० | ७६.६ | ७६.६ | | |
| कुल जम्मा | ८५८.७५ | २९६.१० | ११५४.८५ | ४९९.७ | २२३.७७ | ७२३.४७ | | |

## (ख.२) समष्टिगत बित्तिय प्रगति (सरेष्डर बजेट बाहेक) बिवरण:

| समष्टिगत बितीय प्रगति बिवरण (सरेण्डर बजेट बाहेकको प्रगति) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमको नाम | सरेण्डर बाहेक वार्षिक बजेट (रु. लाखमा) | | | वार्षिक खर्च रोक्का बजेट सहित (रु लाखमा) | | | भौतिक र वित्तिय प्रगति प्रतिशत (%) | |
| | चालु | पुजिगत | जम्मा | चालु | पुजिगत | जम्मा | भौतिक | वित्तिय |
| ३२९०००१२ (वन, वातावरण तथा जैवि. वि.) | ७.७० | ११३.८७ | १२१.५७ | ६.९३ | १०२ | १०८.९३ | ९२% | ७६% |
| ३२९०००१५ [illegible] | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ० | ० |
| ३२९०००१७ [illegible] | ०.०० | ०.०० | ०.०० | ० | ० | ० | ० | ० |
| ३२९०००१८(कृषि वन) | ०.०० | ८२.६० | ८२.६० | ० | ७३.८४ | ७३.८४ | ९७% | ९०% |
| ३२९९११२३(संघ समर्थ) | ०.०० | ३९.५० | ३९.५० | ० | ३४.०३ | ३४.०३ | ९७% | ८६% |
| ३२९९११२१ (वार्षिक) | १६०.८ | ६.०० | १६६.८२ | ९०.७६ | ६.०० | ९६.७६ | ९५% | ५८% |
| कार्यक्रम तर्फको जम्मा | १६८८ | २४१.९७ | ४१०.४७ | ९७.६९ | २१६.८७ | ३१३.५६ | | ७६.३९% |
| प्रशासनिक (३२९०१०१२) | ५४४ | २ | ५४६ | ४०२.०१ | १.६३ | ४०३.६४ | प्रशासनिक वित्तिय प्रगति ७४.०२% | कुल वित्तिय प्रगति ७५% |
| प्रशासनिक (३२९९११२०) | ४६.३ | ० | ४६.३ | ० | ३२.७७ | ३२.७७ | | |
| प्रशासनिक (३२९९११२९) | ९७.६ | ० | ९७.६ | ० | ७३.६ | ७३.६ | | |
| कुल जम्मा | ८५६.४ | २४३.९७ | १०९९.६७ | ४९९.७ | २२३.८७ | ८२३.५७ | | |

## (ख.३) बजेट रोक्का सम्बन्धि बिवरण:

| बजेट रोक्का संवन्धी विवरण | | | |
|---|---|---|---|
| कार्यक्रमको नाम | रोक्का बजेट (रु.) | | |
| | दायित्व सिर्जना भएको कार्यक्रम संख्या | भुक्तानी दिनुपर्ने व्यक्ति/ फर्म संख्या | रोक्का बजेट रकम रु. |
| ३२९०००१२४ (वन, वातावरण तथा जैवि. वि.) | १२ | ३३ | २८,४५,९३१/- |
| ३२९०००१८४ (कृषि वन) | ८ | २३ | १२,१८,७०६/- |
| प्रशासनिक (३२९०१०१२४) | १ | ५ | १,६२,९६२/- |
| कुल जम्मा | २१ | ६१ | ४२,२७,५९९/- |

**समग्र प्रगतिको साराशं**

आ.ब.२०८०/०८१ को समग्र बार्षिक कार्यक्रमको मुख्य मुख्य कृयाकलापहरुको प्रगति बिवरण तपसिल बमोजिम रहेको छ।

- स्वीकृत बार्षिक कार्यक्रमको कुल ५८ कृयाकलाप मध्ये ४९ कृयाकलाप सम्पन्न।
- बार्षिक प्रगतिः भौतिक ८१% र बित्तिय : ६२.२७% (सरेण्डर रकम बाहेक बित्तिय प्रगतिः ७६.३९%)
- डि.ब.का.बाट कुल एक बर्षिय र बहुबर्षिय बिरुवा उत्पादनः २.२७ लाख र साझे.बनः १.५२ लाख
- २ वटा भवन (१ सब-डि.ब.का र १ तालिम हल) को मर्मतसंभार र स्तरोन्नत्ति गरिएको
- गत आ.ब.मा गरिएको बृक्षारोपण क्षेत्रमध्ये ३३.४० हे क्षेत्रफलमा गोडमेल, खाली ठाउमा पुन रोपण र सरसफाई
- बृक्षारोपणः ६९.३८ हे. र निजी कृषक, सा.ब.उ.स. हरुबाट करिब १७.५० हे.
- ३ गोटा पोखरी तथा सिमसार क्षेत्र ब्यवस्थापन
- २५ कि.मि. अग्नी रेखा मर्मतसंभार
- ३ वटा सा.ब.को वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना नविकरण/संसोधन
- १ गोटा साझेदारी वन उपभोक्ता समुह गठन तथा वन ब्यवस्थापन कार्ययोजना तयारी
- ७ गोटा सामुदायिक वन तथा २ वटा साझेदारी वनमा वन सम्बर्द्धन प्रणालिमा आधारित कार्ययोजना कार्यान्वयनबाट १,१५,५०७.८० क्यु.फि.काठ तथा ३२२ चट्टा दाउरा संकलन
- आपुर्ती समितिबाट ८८६.३५ क्यु.फि.काठ र २९.५० चट्टा दाउरा बिक्रिबाट रु. १४१९७१४/- आम्दानी भएको
- संघिय संचित कोषमा ५५.५५ लाख राजश्व दाखिला
- क्यामेरा ट्र्याप बिधिबाट गरिएको Ecological Monitoring मा गौतमबुद्ध डिभिजन क्षेत्रमा ३ वटा बयस्क पाटेबाघ फेला
- हालसम्मको वनमा आधारित उद्यम दर्ता ११५ गोटा
- १३१७.८० क्यु.फि. काठ तथा ट गोटा बोझबाहक जिप, अटो र मोटरसाइकल बरामद
- आ.व. २०७९/०८० सम्म असुल उपर गर्नुपर्ने कुल बेरुजु रु. ७,१७,०२१/- लाख मध्ये असुल उपर गर्नुपर्ने १,०२,२१६/- रकम दाखिला

# विषय सूची

**भाग–१: परिचय**

डिभिजन वन कार्यालयः संक्षिप्त जानकारी — १

**भाग–२ वन, बन्यजन्तु, जैबिकबिबिधता संरक्षण तथा ब्यवस्थापन कार्यक्रम**

२.१ वन ब्यवस्थापन कार्ययोजना संसोधन तथा कार्यान्वयन — ७

**भाग–३ वन क्षेत्र भित्रका खोला खोल्सी ब्यवस्थापन कार्यक्रम**

३.१ वन क्षेत्र भित्रका खोला खोल्सी ब्यवस्थापन कार्यक्रम — २२

**भाग–४ कृषि वन तथा बृहत्तर हरियाली प्रबर्द्धन कार्यक्रम**

४.१ गत बिगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार संभार र संरक्षण — २४

**भाग–५ राष्ट्रिय वन विकास तथा ब्यवस्थापन कार्यक्रम (संघ सशर्त)**

५.१ बहुबर्षिय बिरुवा उत्पादन (नर्सरी नाईकेको ज्याला सहित) — ३१

**भाग–६ समृद्धिका लागि वन कार्यक्रम**

६.१ कार्यालय परिसरको तालिमहल मर्मत संभार — ३३

**भाग–७: बिबिध**

७.१ सब डिभिजन वन कार्यालयको भवन मर्मत संभार — ३६

**अनुसुचीहरुः**

(क) साझेदारी वनहरुको विवरणः — ४६

(ख) हस्तान्तरित सामुदायिक वनहरुको विवरणः — ४६

(ग) बैज्ञानिक वन ब्यवस्थापन पद्धति लागु भएका सामुदायिक वनहरुको विवरणः — ४९

(घ) निजी वन हरुको बिवरण — ५०

# भाग-१: परिचय

**डिभिजन वन कार्यालयः संक्षिप्त जानकारी**

वन तथा वातावरण मन्त्रालयको पुनर्सरचना भईसकेपछि प्रदेश नं.५ अन्तर्गत तराईमा पर्ने कपिलबस्तु जिल्लामा २ वटा डिभिजन वन कार्यालयहरु स्थापना भए। यस डिभिजनको पूर्वमा कपिलबस्तु जिल्लाको गुड्रुङ्ग खोला, पश्चिममा दाङ जिल्ला र भारतको उत्तर प्रदेशको वलरामपुर जिल्ला, उत्तरमा अर्घाखांची  र दक्षिणमा भारतको उत्तर प्रदेशको सिदार्थ नगर जिल्ला पर्दछ। यस डिभिजनको पूर्व परिश्चम सरदर लम्बाई ४० कि.मी र उत्तर दक्षिण चौडाई ३२ कि.मी रहेको छ। त्यसैगरी उत्तरी सिमाना चुरे रहेता पनि आर्घाखांची जिल्लाको सिमानाले चुरेको फेदी सम्म नै ओगटेको हुदा यस डिभिजन अन्तर्गतको अधिकांस क्षेत्र समथर रहेको छ।

यस डिभिजनको कुल ८६,२४३.३० हेक्टर क्षेत्रफल ओगटेको छ। जसमध्ये ३९,५४०.१७ हे. अर्थात् ४५.८५ प्रतिशत भुभाग वनक्षेत्रले ढाकेको छ। कपिलबस्तु जिल्ला अन्तर्गत शिवराज न.पा., कृष्णनगर न.पा., महाराजगंज न.पा., बिजयनगर गा.पा. तथा बुद्धभुमी न.पा. गरी ५ वटा स्थानिय निकाय समेटने यस डिभिजन क्षेत्रमा बिभिन्न धार्मिक संस्कृति मान्ने वासिन्दाहरुको बसोबास रहेको भएतापनि विशेष गरी हिन्दु र मुस्लिम धर्माबलम्बीको बाहुल्यता रहेको छ। त्यसैगरी धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा शिवगढी मन्दिर क्षेत्र, समयमाई, ताम्रेश्वर महादेव लगाएत पर्दछन्। आन्तरिक पर्यटनको रुपमा एकिकृत सुरहि क्षेत्र, रामलक्ष्मण ताल, बृजा ताल, पुरैना सिमसार क्षेत्र रहेका छन्।

यस डिभिजनको उत्तरी क्षेत्र (चुरे क्षेत्र) विभिन्न किसिमका Sand tone/Lime Stone बाट बनेका छन् भने समथर भू भागमा Silty तथा Loamy र Sandy loam रहेको पाईन्छ। यस डिभिजन अन्तर्गतको क्षेत्रमा वेल, वेलवा, सुरई, चिरई, अगिया, जमुवार, कोइली, झिंगिया लगाएतका खोलाहरु पर्दछन्। यि सवै खोलाहरुको मुहान चुरे पर्वत रहेको छ। यस डिभिजन अन्तर्गत कुल भु-भाग मध्ये ३८,२७९.५७ हे. क्षेत्र वनले ढाकेको तथा १२६०.६० हे. क्षेत्र झाँडी बुट्यानले ढाकेको र अन्य ४६,७०३.१३ हे. क्षेत्र रहेको छ।

वन तथा वातावरण मन्त्रालयको पुनर्सरचना भईसकेपछि यस डिभिजन अन्तर्गत शसस्त्र वन सुरक्षा शाखा, योजना शाखा, वन ब्यवस्थापन शाखा, कर्मचारी प्रशासन शाखा तथा आर्थिक प्रशासन शाखा गरी ५ वटा शाखा तथा ६ वटा सब-डिभिजन कायम गरिएको छ।




(Source: Terai Forest of Nepal 2017, Churia Forest of Nepal, 2016, DFRS)

**सब डिभिजन वन कार्यालय र यसले समेट्ने क्षेत्रहरु:**

यस डिभिजन वन कार्यालय अर्न्तगत ६ वटा सब-डिभिजन वन कार्यालयहरु रहेको र उक्त सब-डिभिजन ले समेटने क्षेत्रहरु तपसिल बमोजिम रहेको छ।

| सि. नं. | सब डिभिजनको नाम | समेटने स्थानीय तहको नाम | वार्ड नं. हरु |
|---|---|---|---|
| १. | चम्पापुर | महाराजगंज न.पा. | ११ |
| | | बुद्धभुमी न.पा. | ३, ७, ८, ९ (ठुली लेकदेखी पुर्व) |
| २. | गुगौली | विजयनगर गा.पा. | १, ६ |
| ३. | खरेन्द्रपुर | महाराजगंज न.पा. | १, २, ३, ४, ५, ६, ७, ८, ९, १० |
| | | शिवराज न.पा. | ३, ४, १०, ११ |
| | | बुद्धभुमी न.पा. | ९ (ठुली लेकदेखी पश्चिम) |
| ४. | शिवगढी | कृष्णनगर न.पा. | १, १०, ११ |
| | | विजयनगर गा.पा. | २, ३, ४ |
| | | शिवराज न.पा. | ९ |
| ५. | शिवपुर | शिवराज न.पा. | १, २, ५, ६, ७, ८, ९ |
| | | कृष्णनगर न.पा. | ५, ६, ७, ८, ९ |
| ६. | ठकुरापुर | कृष्णनगर न.पा. | २, ३, ४, १२ |
| | | बिजयनगर गा.पा. | ५, ७ |

## स्वीकृत संगठन संरचना

यस गौतमबुद्ध डिभिजन वन कार्यालयको संगठन संरचना तपसिल बमोजिम रहेको छ।



## कर्मचारी पदपुर्तिको बिवरण

डिभिजन वन कार्यालयको सांगठनिक संरचना अनुसारको पदपुर्ति विवरण यस प्रकार रहेको छ।

| क्र. सं. | दरबन्दीको किसिम | दरबन्दीको श्रेणी/तह | स्वीकृत दरबन्दी | पदपुर्ती बिवरण | रित्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डिभिजनल वन अधिकृत | रा.प. द्धि. प्राविधिक/नबौ तह | १ | १ | ० | १ जना निलम्बनमा |
| २ | सहायक वन अधिकृत | रा.प. तृ.प्राविधिक/सातौ र आठौ तह | १० | ९ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृ. प्रशासन/सातौ र आठौ तह | १ | ० | १ | |
| ४ | लेखा अधिकृत | रा.प. तृ. प्रशासन/सातौ र आठौ तह | १ | ० | १ | |
| ५ | रेञ्जर | रा.प. अन..प्रथम प्राविधिक/पाचौ र छैटौ तह | ८ | ३ | ५ | |
| ६ | नायव सुव्वा | रा.प. अन.प्रथम/पाचौ र छैटौ तह | १ | १ | ० | को.ले.नि.का. |
| ७ | लेखापाल | रा.प. अन.प्रथम/पाचौ र छैटौ तह | १ | ० | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | खरिदार | रा.प. अन.द्धितिय/चौथो र पाचौ तह | १ | १ | ० | ४ फाजिल |
| ९ | फरेष्टर | रा.प. अन.द्धितिय प्राविधिक | २ | २ | ० | |
| १० | वन रक्षक | श्रेणी विहिन | ३७ | ३२ | ३५ | २ जना करार |
| ११ | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ३ | ० | २ करार |
| १२ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | ० | |
| १३ | सुवेदार | रा.प. अन.द्धितिय | १ | ० | १ | |
| १४ | जमदार | रा.प. अन.द्धितिय | २ | २ | ० | |
| १५ | हवल्दार | रा.प. अन.तृतिय | ४ | ० | ४ | सबै करार |
| १६ | सशस्त्र वन रक्षक | श्रेणी विहिन | १६ | १२ | ४ | करार |
| १७ | चौकीदार | श्रेणी विहिन | १ | १ | ० | |
| १८ | अपरेटर | रा.प. अन.द्धितिय प्राविधिक | १ | ० | १ | करार |
| १९ | हेल्पर | श्रेणी विहिन | १ | १ | ० | करार |
| | कुल जम्मा | | ९४ | ७० | २४ | ४ फाजिल |

**डिभिजन वन कार्यालयको भवनको अवस्था:**

यस डिभिजन वन कार्यालय साबिक सेक्टर वन कार्यालय, जर्लैयाको पुरानो जिर्ण भवन तथा आ.ब.२०७५/०७६ मा स्थापना गरिएको टिनको भवनमा संचालनमा रहेको छ। नयाँ कार्यालय भवनको लागि आ.ब.२०७७/०७८ बजेट बिनियोजन भई आएपनि कोरोनाको प्रकोपको समय भएको र  समग्र मुलुक बन्द रहेको अवस्था भवन निर्माण हुन सकेन।



**सब-डिभिजन वन कार्यालयको भवनको अवस्था:**

यस डिभिजन वन अन्तर्गत ६ वटा सब-डिभिजन वन कार्यालयहरु रहेका छन्। उक्त ६ वटा सब डिभिजन मध्ये ठकुरापुर र शिवपुर सब डिभिजन गरी २ वटाको मात्र आफ्नै कार्यालय भवन रहेको छ। त्यसैगरी चम्पापुर र शिवगढी गरी २ वटा सब डिभिजन भाडाको भवनमा संचालित रहेका छन्। बाकी गुगौली र खरेन्द्रपुर सब डिभिजन वन कार्यालय, साझेदारी वन ब्यवस्थापन समितिले भाडामा लिएका भवनमा संचालित रहेका छन्।

**(क) आफ्नै भवनमा संचालित सब डिभिजन वन कार्यालय भवन**





**शिवपुर सब डि.ब.का. भवन**

**ठकुरापुर सब डि.ब.का. भवन**

**(ख) साझेदारी वन ब्यव.समितिले लिएको भाडाको भवनमा संचालित सब डि.ब.का.**





**खरेन्द्रपुर सब डि.ब.का.**

**गुगौली सब डि.ब.का**

## (ग) भाडाको भवनमा संचालित सब डि.ब.का.



चम्पापुर सब डि.ब.का.



शिवगढी सब डि.ब.का

## सवारी साधनको अवस्था:

यस डिभिजन वन कार्यालय अन्तर्गत तपसिल बमोजिमको सवारी साधनहरु उपलब्ध रहेका छन।

- टाटा सफारी जिप (जिर्ण अवस्थाको) : १ गोटा
- टाटा पिकअप : २ गोटा (१ गोटा जिर्ण)
- निशान पिकअप (मर्मत हुन नसक्ने) : १ गोटा
- टाटा वन टन : १ गोटा
- मोटरसाइकल र स्कुटर : ७ गोटा (१ गोटा जिर्ण)



निसान पिकअप (मर्मत हुन नसक्ने)



टाटा पिकअप



टाटा वन टन



टाटा सफारी र टाटा पिकअप



मोटरसाईकल तथा स्कुटरहरु

# भाग-२

# वन, बन्यजन्तु, जैबिकबिबिधता संरक्षण तथा ब्यवस्थापन कार्यक्रम

## २.१ सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालिमा आधारित वन ब्यवस्थापन कार्ययोजना संसोधन तथा कार्यान्वयन

यस कार्यालयबाट गत बिगत बर्षहरुमा सामुदायिक वनको रुपमा हस्तान्तरण भएको सामुदायिक वनमध्ये देहायको सामुदायिक वनको वन ब्यवस्थापन कार्ययोजना वन सम्बर्द्धन प्रणालीमा आधारित रही संसोधन तथा तयारी गरिएको छ। उक्त कार्ययोजना डि.ब.का.बाट स्वीकृत भई कार्यान्वयन गरिएको छ।

**तपसिलः**

| सि.नं. | सा.ब.उ.स.को नाम, ठेगाना | सा.ब.को क्षेत्रफल (हे.) | आबद्ध घरधुरी सं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री देविस्थान सा.ब.उ.स., शिवराज न.पा.३, क.ब. | २१०.२६ | ४२४ | |

## २.२ साझेदारी वनको कार्ययोजना नविकरण तथा कार्यान्वयन

यस कार्यालय अर्न्तगत ३ गोटा साझेदारी वन ब्यवस्थापन समुहहरु रहेका छन । उक्त साझेदारी वन ब्यवस्थापन समुहहरु वन ऐन, २०४९, वन नियमावली, २०५१ तथा साझेदारी वन ब्यवस्थापन निर्देशिका, २०६८ बमोजिम बिधान तथा कार्ययोजना तयार भई लागु भएको थियो। संघिय वन ऐन, २०७६, संघिय वन नियमावली, २०७९ तथा लुम्बिनी प्रदेश वन ऐन, २०७८ र वन नियमावली, २०७९ लागु भईसके पश्चात् उक्त कानुनको अधिनमा रही साझेदारी वन उपभोक्ता समुह गठन गर्नुपर्ने र वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना बनाउनुपर्ने भएकोले यस डिभिजन वन अर्न्तगतका देहायका साझेदारी वन उपभोक्ता समुह गठन तथा कार्ययोजना तयारी गरिएको छ।

**तपसिलः**

| सि.नं. | साझेदारी वनको नाम, ठेगाना | क्षेत्रफल (हे.) | आबद्ध घरधुरी सं. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री कपिलवस्तु साझेदारी वन उपभोक्ता समुह, शिवराज न.पा.३, खरेन्द्रपुर, कपिलवस्तु। | ५,०३४.७१ | १७,४०१ | नया तयारी |

## २.३ वन संरक्षण, ब्यवस्थापन र संस्थागत बिकास संबन्धी क्षमता अभिबृद्धि कार्यक्रम

सामुदायिक वन उपभोक्ता समुहहरुको कार्यगत क्षमता अभिबृद्धि गर्न कार्ययोजनामा समाबेश भएका वन संरक्षण, सम्बर्द्धन, ब्यवस्थापन र सदुपयोग सम्बन्धी कार्यहरु स्थलगत रुपमा संचालन गर्न तथा समुहलाई दैनिक र नियमित रुपमा आवश्यक पर्ने लेखा अभिलेख ब्यवस्थापन र कार्यालय संचालन क्षमताको बिकास गरी सुशासन अभिबृद्धि

गर्ने उद्धेश्य अनुरुप यस डिभिजन अर्न्तगतका सामुदायिक वनका पदाधिकारीहरुको लागि १ दिने ३ वटा तालिम संचालन गरिएको थियो। जस अर्न्तगत बढी सा.ब.उ.स. रहेका चम्पापुर क्षेत्रका सा.ब.उ.स. समाबेश गरी १ पटक र खरेन्द्रपुर र शिवगढी सब डिभिजन क्षेत्रको गरी १ पटक र शिवगढी, गुगौली र ठकुरापुरका सा.ब.उ.स.लाई समेटी १ पटक गरी ३ पटक संचालन गरिएको थियो। तालिममा बिशेषगरी समितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव लगाएत लाई सहभागिता गराईएका थियो।





**२.४ वन क्षेत्र तथा राजमार्ग छेउ समेतको वन अतिक्रमण हटाई वन पुनस्थापना कार्यक्रम**

यस डिभिजन अर्न्तगत पुर्व पश्चिम महेन्द्र राजमार्ग र भित्रि सडकहरुको रहेका वन क्षेत्र तथा अन्य वन क्षेत्रमा समेत भएका अतिक्रमण (घर टहरा, खनजोत तथा अन्य प्रकृतिको अतिक्रमण) लगायतका गतिविधिहरुलाई तत्काल नियन्त्रण र निरुत्साहित गरी वन पुनर्स्थापना गर्न बेलवा सा.ब., बुद्धभुमी न.पा.९, बेलवामा १७४३ मिटरमा तारबार गरी ११.५६ हे. क्षेत्रफलमा बृक्षारोपण गरिएको छ।

| सि.नं. | बृक्षारोपण गरिएको क्षेत्रको नाम र ठेगाना | बृक्षारोपण गरिएको क्षेत्रफल (हे.) | तारबार गरिएको लम्बाइ (मि.) | कुल लागत (लाख) | रोपण गरिएको प्रजातिहरु |
|---|---|---|---|---|---|
| १. | बेलवा सा.ब., बुद्धभुमी ९ | ११.५६ | १७४३ | १०.५० | टिक ११२३७ |







### २.५ वन डढेलो नियन्त्रणः

यस डिभिजन वन कार्यालय अन्तर्गतको समग्र वन क्षेत्रमा वन डढेलो नियन्त्रण तथा ब्यवस्थापनको लागि बार्षिक कार्ययोजना तयार गरि कार्ययोजनामा उल्लेखित कृयाकलापहरु कार्यान्वयनमा खर्च गरिएको थियो । जस अन्तर्गत देहाय बमोजिमको कृयाकलापहरु संचालन गरिएका थिए ।

### २.५.१ अग्नी रेखा सरसफाई तथा मर्मत संभार

सामुदायिक वनमा वन डढेलोको जोखिम तथा संबेदनशिलता कम गर्नका लागि हाल कायम रहेका अग्नी रेखाहरुको सरसफाई गर्ने, मर्मत संभार गर्ने कार्य सम्पन्न गरिएको थियो । यसै अन्तर्गत चम्पापुर, खरेन्द्रपुर, शिवपुर, शिवगढी तथा गुगौली सब डिभिजन वन कार्यालय अन्तर्गत रहेका र डढेलोको जोखिम रहेका ५ वटा सामुदायिक वनक्षेत्र भित्रका प्रति सामुदायिक वनमा ५/५ कि.मि. लम्बाईका दरेले कुल २५ कि.मि. अग्नी रेखामा रहेका पत्कर, हाँगाबिगा, जरा तथा अन्य ज्वलनशिल पदार्थको संकलन गरी जलाईएको, खाल्डा खुल्डी पुरेको, पानि निकास कुलो सफा गरेको, नालाको ब्यवस्थापन तथा पानीको बहाब ब्यवस्थापन गरिएको थियो ।





### २.५.२ डढेलो नियन्त्रण संबन्धी स्कुल शिक्षा कार्यकम (जोखिम क्षेत्र केन्द्रित) :

बिद्यालयस्तरमा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि अति जोखिम तथा संबेदनशिल क्षेत्रमा रहेका शिक्षक तथा बिद्यार्थीहरुलाई सचेतना जगाउनका लागि चम्पापुर, खरेन्द्रपुर, शिवपुर, शिवगढी तथा गुगौली सब डिभिजन वन कार्यालय अन्तर्गत रहेका ५ वटा स्कुलमा स्कुल शिक्षा तथा जनचेतना जगाउन यो कार्यक्रम संचालन गरिएको छ ।





**२.५.३ वन डढेलोबाट क्षति भएका वन पैदावार व्यवस्थापन**

गुगौली सब डिभिजन वन कार्यालय अर्न्तगत रहेको ईन्द्रेणी सामुदायिक वनको विजयनगर गा.पा.२, लोहरौलास्थित घाटगद्धिमा नजिकैको वनक्षेत्रमा भएको डढेलो सल्केर घाटगद्धि क्षेत्रमा लागेको डढेलो स्थानिय उपभोक्ता, गाँउपालिका तथा वन कार्यालयको सहयोगमा नियन्त्रण गरिएको थियो। यसबाट घाटगद्धिको केही दाउरामा क्षति पुगेको छ। त्यसै गरी गौतमबुद्ध साझेदारी वनमा डढेलोको कारण ढलापडा रुखहरुमा क्षति पुगेकोले उक्त रुखहरुको लगत बिवरण संकलन गरि लगत कायम गरिएको थियो र चालु आ.ब.मा ढलापडा संकलन गरिने परिमाणमा घटाईएको थियो।





### वन डढेलोबाट भएको क्षतिको बिवरण

| सि.नं. | वन डढेलो लागेको क्षेत्र | वन पैदावार क्षति | कैफियत |
|---|---|---|---|
| १. | गौतमबुद्ध साझेदारी वन, विजयनगर ३ | छपान स्थलका १६२ गोटा रुख डढेलोले क्षति भई २८२३.९१ क्यु.फि.काठ र ९.४५ चट्टा दाउरा नष्ट भएको | छपानमा क्षति |
| २. | ईन्द्रेणी सा.व. विजयनगर २ को घाटगद्दिगा क्षति | २.०० चट्टा दाउरा जलेर नष्ट | घाटगद्दिगा क्षति |

वन क्षेत्रमा करिब १९ वटा सा.व., २ वटा साझे.वन र सरकारद्वारा व्यव.वन गरी करिब ४००० हे. मा वन डढेलोले क्षति पुगको





## २.५.४ वन डढेलो नियन्त्रण संबन्धी सामाग्री/औजार खरिद तथा बितरण

वन डढेलो नियन्त्रण तथा रोकथाम संबन्धीका बिभिन्न सामाग्री तथा औजारहरु खरिद गरि ८ गोटा सामुदायिक वन उपभोक्ता समुह र १ वटा पालिकालाई बितरण गरिएको थियो।

## २.६ वन अपराध नियन्त्रण

यस कार्यक्रम अर्न्तगत वन, बन्यजन्तु र वन क्षेत्रको प्रभावकारी संरक्षणको लागि गस्ती परिचालन र सम्भाबित आरोपीहरुलाई सुराकको माध्यमबाट समयमै नियन्त्रणमा राखी वन अपराध नियन्त्रणका कृयाकलापहरु संचालन गरिएको थियो।

- ❑ बारिसे तथा बेबारिसे काठ बरामद : १३१७.८० क्यु. फि.
- ❑ चिरान काठ ओसारिरहेको अवस्थामा काठसहित ३ वटा अटो रिक्सा, २ मोटरसाईकल र १ वटा जिप नियन्त्रण गरी कारवाही प्रकृया अगाडी बढाइएको
- ❑ बिना ईजाजत खोलाको जमिन सतहमा बाध तयार गरी सिंचाई कुलो निर्माण कार्य रोका










## २.७ वन अतिक्रमण नियन्त्रण (वन सिमांकन समेत)

वन अतिक्रमणको दृष्टिकोणले संबेदनशिल वन क्षेत्रलाई सुरक्षित राख्न स्थानिय उपभोक्ता, सरोकारवाला निकाय लगायतको सहयोगमा बुद्धभुमी न.पा.९, रैतह्वा क्षेत्र (कञ्चन सामुदायिक वनको दक्षिणी अतिक्रमित क्षेत्र) सिमांकन गरी निजी आवादी क्षेत्र र वन क्षेत्र छुट्याई करिब २० हे. अतिक्रमित क्षेत्रलाई तारबार गरी वन कायम गरिएको छ।

| सि.न. | कडितारबार गरिएको क्षेत्रको नाम र ठेगाना | वृक्षारोपण गरिएको क्षेत्रफल (हे.) | तारबार गरिएको लम्बाइ (मि.) | डि.व.का. लागत (लाख) | रोपण गरिएको प्रजातिहरु |
|---|---|---|---|---|---|
| १. | बुद्धभुमी न.पा.९ रैतह्वा क्षेत्र (कञ्चन सा.व.दक्षिणी भाग) | २.७८ | १२६४ | ३.०० | टिक ५०४८, अन्य ११५० गरी जम्मा ६०९८ |





## २.८ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा ब्यवस्थापन

यस डिभिजन अर्न्तगत बिशेषगरी थारु जातिको परम्परागत संस्कृतिसंग जोडिएको मौवा प्रजातिको रुख बिरुवाहरुलाई संरक्षण, प्रबर्द्धन गरी पकेट क्षेत्रको रुपमा बिकास गर्न, स्थानिय समुदायलाई आम्दानीको श्रोत बढाउन र लोपोन्मुख प्रजातिको संरक्षण गर्न विगत आ.ब. मा यस डिभिजन अर्न्तगतको क्षेत्रमा महुवा (Madhuca longifolia) प्रजातिको बितरणको अवस्थाको बारेमा अध्ययन गरि प्रतिबेदन प्रकाशन गरिएको थियो। सोही अध्ययन प्रतिबेदनले औल्याईएको बिषयबस्तुलाई मध्यनजर गर्दै चालु आ.ब.मा पनि यस शिर्षक अर्न्तगत कार्यक्रम बिनियोजन भई आएकोले उक्त शिर्षकमा बिनियोजित रकमबाट प्राकृतिक रुपमा मौवाको जंगल रहेको क्षेत्रको खाली स्थानमा तारवार गरी मौवाको रोपण गरिएको छ। साथै गत आ.ब.मा मौवाको रुखमा ट्यागिङ्ग गरिएको सामुदायिक वन क्षेत्रमा तारवार गरी संरक्षण गरिएको छ।

| सि.नं. | वृक्षारोपण गरिएको क्षेत्रको नाम र ठेगाना | वृक्षारोपण /तारबार गरिएको क्षेत्रफल (हे.) | तारबार गरिएको लम्बाई (मि.) | कुल लागत (लाख) | रोपण गरिएको प्रजातिहरु |
|---|---|---|---|---|---|
| १. | महुवाडारी क्षेत्र, सुन्दर मा.वि., विजयनगर गा.पा.४ | २.२५ | ४२५ | २.२५ | महुवाको पकेट क्षेत्रलाई तारबार गरी संरक्षण गरिएको । |
| २. | जनचेतना सा.व शिवराज न.पा. महुवा पकेट क्षेत्र | १.९१ | ६५० | ४.७५ | महुवाको बिरुवा ८०६ गोटा |





### तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा ब्यवस्थापनका लागि गरिएका प्रयासहरु

- आ.व.२०७८/०७९ मा गौतमबुद्ध डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र महुवाको स्थिति र वितरणको अवस्था बारे अध्ययन गरी प्रतिवेदन तयारी गरिएको ।






- आ.व.२०७८/०७९ मा Total enumeration गरिएका ७५४४ महुवाको रुखमा Tagging गरिएको थियो।
- महुवा पाइने क्षेत्रमा सरोकारवालाहरु (सा.व, साझे. वन, जडिबुटी उद्यमी, स्थानिय तह, संचारकर्मी तथा बुद्धिजिवीहरु) को अनुगमन भ्रमण गराईएको थियो ।



शारदा सा.व., विजयनगर २ को महुवा पकेट क्षेत्र

- आ.व.२०७९/०८० मनकामना सा.व.को महुवा पकेट क्षेत्र (करिब १ हे.) क्षेत्रफलमा तारबार गरी वृक्षारोपण गरिएको थियो ।
- महुवा प्रजातिको बिरुवा उत्पादन गरिएको ।







महुवा पकेट क्षेत्रको तारबार, महुवा पकेट क्षेत्रको खाली भागमा वृक्षारोपण र महुवाको बिरुवा उत्पादन कार्यको अनुगमन

- सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन संबन्धी वन अधिकृतहरुको संगोष्ठीमा महुवा संरक्षण तथा व्यवस्थापन संबन्धी पोष्टर प्रस्तुतीमा मा. वन तथा वातावरण मन्त्री सहित सहभागी व्यक्तिहरु





## २.९ पिडितसंग प्रदेश सरकार कार्यक्रम मार्फत् मानब बन्यजन्तु सहअस्तित्व व्यवस्थापन

मानब बन्यजन्तु बिचको द्धन्द्ध न्युनीकरणका लागि आवश्यक पुर्वाधार निर्माण गर्न एवं मानवको जीउ धनमा हुने क्षतिलाई तत्काल राहत पुरयाउन यो कार्यक्कमको परिकल्पना गरी यस कार्यालयको लागि बजेट बिनियोजन भएर आएको थियो। यस डिभिजन अर्न्तगतको मानब बन्यजन्तु द्धन्द्धका घटनाहरु नगन्य मात्रामा हुने गरेको, बाघ, गैडा, हात्ति, भालु लगाएतका मानब बन्यजन्तु द्धन्द्ध बढी हुने प्रजातिका बन्यजन्तु यस डिभिजन क्षेत्रमा नपाईने र बनेल, बाँदर र निलगाईबाट केही मात्रामा बालीनाली नोक्सान भई स्थानिय जनताबिच कहिलेकाही द्धन्द्धका घटना सिर्जना हुने देखिएकोले चालु आ.ब.२०८०/०८१ मा कार्यान्वयन गरिने गरि डिभिजन वन कार्यालय, कपिलबस्तु (गौतमबुद्ध) का लागि उक्त शिर्षकको प्याकेज कार्यक्कम प्राप्त भई रु.४.०० लाख बिनियोजन भएको र उक्त कार्यक्कम देहाय अनुसार २ वटा कार्यक्कममा बेकडाउन गरी कार्यान्वयन गरिएको छ।

**देहायः**

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाई | परिमाण | ब्रेकडाउन बजेट (लाख) | कैफियत |
|---|---|---|---|---|---|
| ११.४.१७.४७.१ | वन्यजन्तुको लागि पानी पोखरी निर्माण (रहतावल सा.ब.उ.स, शिवराज ३) | गोटा | १ वटा | २.०० | सबै सम्पन्न भएको |
| ११.४.१७.४७.२ | वन, वन्यजन्तु संरक्षण, चोरी शिकार नियन्त्रण संबन्धी प्रचार प्रसार | एफ.एम | ४ | ०.४० | |
| ११.४.१७.४७.३ | वन, वन्यजन्तु संरक्षण, चोरी शिकार नियन्त्रण लगायतका लागि अनुगमन निरिक्षण, सवारी साधन ईन्धन मर्मत | प्याकेज | १ | १.६० | |

- यस डिभिजन वन कार्यालय अर्न्तगतको क्षेत्रमा flagship species अर्न्तगत धेरै क्षति पुऱ्याउने हात्ति, गैडा जस्ता बन्यजन्तुहरु नरहेको बिगतको अध्ययनले देखाउछ । चितुवाले बिगतमा आक्कल झुक्कले चौपायामा क्षति पुऱ्याउने गरेको रेकर्डबाट देखिएता पनि हाल त्यस्तो घटना नदेखिएको ।
- यस डिभिजन अर्न्तगत दक्षिणी भेगमा निलगाई ले बालीनालीमा क्षति पुराउने गरेको, वन क्षेत्र नजिकैको बस्तीमा बनेलले क्षति पुर्‍याएको गुनासो आउने गरेको छ।
- दक्षिणी भेगमा गाईबस्तुसंगै निलगाई बिचरण गर्ने गरेको, स्थानीयले यसले बालीनालिमा क्षति पुरयाउने गरेको भनी मार्ने, पासो थाप्ने तथा केही समुदायले आहार प्रयोजनका लागि यसको शिकार गर्ने गरेको देखिन्छ।
- आ.ब.२०८०/०८१ मा १८ वटा बन्यजन्तु संबन्धी घटना मध्ये ६ वटा निलगाई संग सम्बन्धित रहेको (६ गोटा मृत निलगाई फेला परेको) १ वटा रतुवा, १ चित्तल र ७ गोमन सर्प उद्धार गरीएको थियो । साथै १ वटा मृत चितुवा र २ वटा मृत चित्तल ब्यवस्थापन गरिएको थियो ।
- हालसम्म यस डिभिजनबाट बन्यजन्तुबाट हुने क्षति (चौपाया, बालीनाली) बापत राहत उपलब्ध नगराईएको (राहत उपलब्ध गराउने प्रकृतिको क्षति नभएको)

❑ १ रतुवा, १ चित्तल, ७ गोमन सर्प उद्धार गरिएको । मृत भेटिएका १ चितुवा, ६ वटा निलगाई र ४ चित्तल व्यव.




## २.९.१ यस सम्बन्धमा कार्यालयबाट भए गरेका प्रयासहरुः

- यस डिभिजन वन कार्यालयले आ.ब.२०७७।०७८ मा डिभिजन वन कार्यालय अर्न्तगतको क्षेत्रमा मानब बन्यजन्तु द्धन्द्धको अवस्था के छ ?, क्षति पुरयाउने वा मानबबाट क्षति पुग्न सक्ने बन्यजन्तुहरु के के हुन, क्षतिको बिवरण के छ? तथा समस्या र समाधानको उपायहरु बिषयक अध्ययन सम्पन्न गरिएको थियो ।
- वन क्षेत्र नजिकैका बस्ती क्षेत्रका अधिकांस जनता सामुदायिक वनमा आबद्ध रहेको र वन, बन्यजन्तु तथा

जैबिकबिबिधता संबन्धी यस कार्यालयबाट समुहमा बेला बखतमा अभिमुखिकरण, जनचेतना लगाएका कृयाकलाप संचालन हुने गरेको, बार्षिक रुपमा १० गोटा स्कुलमा स्कुल शिक्षा कार्यक्रम संचालन गरिदै आएको, स्थानिय एफ, एम लगाएतका संचार माध्यमबाट यस सम्बन्धमा सचेतनामुलक समाचार सम्प्रेषण गरिदै आएको छ।

- जनचेचनामुलक होर्डिंग बोर्ड जडान गर्ने, बन्यजन्तु क्षतिको राहत तथा बन्यजन्तुलाई क्षति पुरयाउने कसुरमा दण्डसजायको ब्यवस्था बारेको जानकारीमुलक ब्रोसियर तयार गरी बितरण गरिएको।

### २.९.२ कार्यालयले भोग्नु परेको समस्या, चुनौतिहरु

- यस डिभिजन वन कार्यालय अर्न्तगत मानब बन्यजन्तुको द्धन्द्धको घटना धेरै न्युन रहेको।
- घटित प्रायजसो घटना बन्यजन्तुको शिकारसंग सम्बन्धित रहेको (दक्षिणी बेल्टमा निलगाईको शिकार गर्ने, पासो थाप्ने, मार्ने लगाएतको)
- निलगाई प्रायजसो स्थानीयको चौपायासंग संगै खेतबारीमा बितरण गर्ने गरेको देखिएको र कतिपय समुदायले यसलाई आहारा प्रयोजनका लागि शिकार गर्ने गरेकोले यसलाई नियन्त्रण गर्न कठिनाई देखिएको। जनचेतनाको माध्यम तथा कसुरदारलाई पक्राउ गरी कारवाही गर्ने लगाएतको कार्य गर्न नसकिएको।

### २.९.३ ब्यवस्थापनका लागि अवलम्बन गर्नुपर्ने उपायहरुः

- निलगाई लगाएतको शिकार गर्ने कसुर नियन्त्रण गर्न सुराकी परिचालन, गस्ती तथा ईन्धन लगाएतमा पर्याप्त बजेटको बिनियोजन हुनुपर्ने।
- सुचना बाहकलाई पुरस्कारको ब्यवस्था गर्नुपर्ने।
- स्थानिय तह, प्रशासन, सुरक्षा निकाय लगाएतसंग पर्याप्त सहयोग, समन्वय तथा सहकार्यमा बढावा दिनुपर्ने देखिन्छ।

## २.१० वन क्षेत्र भित्रका सिमसार एवं पोखरी संरक्षण कार्यक्रम

यस डिभिजन अर्न्तगत पुन भरण तथा बहुउपयोगी पोखरी निर्माण तथा मौजुदा पोखरीहरुको स्तर उन्नत्ति तथा ब्यवस्थापन गरि बन्यजन्तुका लागि वन भित्रै पानीको ब्यवस्थाप, डढेलो नियन्त्रण, सिंचाई कुलो, आयआर्जन तथा पानीको श्रोत संरक्षण लगायतका लागि यस डिभिजन अर्न्तगतका २ वटा सामुदायिक वनक्षेत्र भित्र नयाँ पोखरी निर्माण र पुरानो पोखरीको मर्मत संभार र स्तरोन्नत्ति गरिएको छ। यस अर्न्तगत श्री कञ्चन सा.ब., बुद्धभुमी ९, चम्पापुरमा पुरानो पोखरीको मर्मत गरी स्तरोन्नत्ति गरिएको र टिकुलीगढ सामुदायिक वन, शिवराज न.पा.१ सोनपुरमा नया पोखरी निर्माण गरिएको छ।




**कञ्चन सा.ब. भित्रको मर्मत पुर्व र मर्मत पश्चात्‌को पोखरीको अवस्था**



**टिकुलीगढी सा.ब. भित्र निर्माण गरिएको पोखरी**

## २.११ प्रचार प्रसार र प्रकाशनः

वन, बनस्पति, बन्यजन्तु, जैबिकबिबिधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगाएतका बिषयमा जनचेतना अभिबृद्धि गर्ने उद्धेश्यका साथ यस कार्यक्रमाम बिनियोजित बजेटबाट स्थानिय संचार माध्यम (रेडियो, एफ एम, पत्रपत्रिका) बाट सन्देश मुलक सामाग्री तयार गरी प्रसारण गरिएको छ। त्यसैगरी सुचनाको हक सम्बन्धी बिषयहरुमा कार्यालयको गतिबिधिहरुको नियमित प्रकाशन, स्वःप्रकाशन तथा यस कार्यालयको वेवसाईट संचालन गरिएको छ। त्यसैगरी आ.ब.२०८०/०८१ मा बार्षिक रुपमा संचालन भएको वन संरक्षण, ब्यवस्थापन लगाएतका कृयाकलापहरु समेटी यस कार्यालयबाट बार्षिक पुस्तिका प्रकाशन गरिएको छ।

## २.१२ दिवस तथा समारोह संचालनः

यस शिर्षकमा बिनियोजित बजेटबाट वन, बन्यजन्तु, जैबिकबिबिधता तथा वातावरण क्षेत्रका बिभिन्न दिवस तथा समारोहहरु आयोजना गरिएको छ। यस अन्तर्गत तपसिल बमोजिमको दिवस/समारोह संचालन भएका थिए।

### २.१२.१ विश्व सिमसार दिवसः

प्रत्येक बर्ष फेब्रुअरी २ तारिखका दिन विश्व सिमसार दिवसको अवसरमा बिबिध कार्यक्रम संचालन गरी मनाईदै आएकोमा यस बर्ष पनि "सिमसार; मानव हितको आधार" भन्ने नाराका साथ यस डिभिजन अन्तर्गत रहेको चम्पापुर सब-डिभिजनको सहजीकरण तथा बन उपभोक्ता समुहहरुको उपस्थितिमा हरियाली सामुदायिक बन, बुद्धभुमी न.पा. बरकुलपुरस्थित बृजा तालमा बृक्षारोपणको क्रियाकलाप संचालन गरि मनाइएको छ।





### २.१२.२ विश्व वातावरण दिवसः

प्रत्येक बर्ष जुन ५ तारिखमा विश्व वातावरण दिवस मनाईने गरिदै आएकोमा यस बर्ष उक्त दिवस शिवराज न.पा.३ र ५ उत्तर रहटकोलमा रहेको रहतावल सामुदायिक वन क्षेत्र भित्र अतिक्रमण उठाई तारवार गरिएको क्षेत्रमा बृक्षारोपण गरी यो दिवस मनाईएको थियो।





### २.१२.३ राष्ट्रिय बृक्षारोपण दिवसः

नेपाल सरकारले प्रत्येक बर्षको आषाढ १४ गतेलाई राष्ट्रिय बृक्षारोपण दिवसको रुपमा बिभिन्न कृयाकलाप संचालन गरी मनाउने निर्णय गरेसंगै उक्त दिवसको अवसरमा मुलुकभरी बिभिन्न वन बिकासका कृयाकलापहरु संचालन गरिने गरिन्छ। सोही अवसरमा यस डिभिजन अन्तर्गत बुद्धभुमी न.पा. ९, चम्पापुरमा रहेको कञ्चन सामुदायिक वन अतिक्रमण गरी खेतिपाती गरेको क्षेत्रमा अतिक्रमण उठाई उक्त क्षेत्रमा तारबार गरिएको र सोही क्षेत्रमा बृक्षारोपण दिवसको अवसरमा बृक्षारोपण गरिएको थियो। उक्त बृक्षारोपण कार्यक्रममा स्थानिय तह, सा.ब.उ.स., साझेदारी वन ब्यवस्थापन समितिका पदाधिकारी, सब डिभिजन तथा डिभिजनका कर्मचारी लगाएतको सहभागिता रहेको थियो।





### २.१३ डिभिजन वन कार्यालयको वेभ साईट संचालन

यस कार्यक्रम अन्तर्गत डिभिजन वन कार्यालयको बिगतदेखी संचालनमा रहेको वेवसाईट www.dfogautambuddha.gov.np लाई संसोधन एवं परिमार्जन गरिएको छ। यस वेवसाईट मार्फत् डिभिजन वन कार्यालयद्धारा संचालन हुने बिबिध गतिबधिहरु, सूचनाहरु, बार्षिक प्रगतिहरु तथा वन संग सम्बन्धित ऐन, नियम, निर्देशिका, मापदण्ड, परिपत्र तथा स्वतः प्रकाशनहरु राखी सर्ब साधारणलाई सुःसुचित गरिदै आएको छ।



## २.१४ सब(डिभिजन सुशासन र सबलीकरण कार्यक्रम

डिभिजन वन कार्यालय अर्न्तगतका ६ वटा सब डिभिजनमा आधारभुत रुपमा आवश्यक कार्यालय सामाग्री खरिद, कार्यालय भवन मर्मत संभार तथा ब्यवस्थापनमा खर्च गरिएको थियो । यसका साथसाथै कार्यालयको दैनिक कामकाजको लागि आवश्यक पर्ने सामाग्री खरिद, बिद्युतिय सामाग्री हरुको ब्यवस्थापन, मेसिनरी औजार मर्मतसंभार, कार्यालयको बोर्ड तथा सूचना पाटी तयारी, फर्निचर तथा फिक्चर्समा खर्च गरिएको थियो । उक्त कार्यमा खर्च भएर नजाने जिन्सी बस्तुको यस कार्यालयमा दाखिला गरी सम्बन्धित सब डिभिजन लाई हस्तान्तरण गरिएको थियो ।

## २.१५ स्थानिय तहसंग समन्वय बैठक संचालन

डिभिजन वन कार्यालय अर्न्तगतका ६ वटा सब डिभिजन वन कार्यालयहरुले स्थानिय जन प्रतिनिधी तथा अन्य उपलब्ध सुरक्षा निकायका कर्मचारी, सरोकारवाला निकायका प्रतिनिधीहरुसंग सब डिभिजन क्षेत्रको वन क्षेत्रको समग्र संरक्षण र ब्यवस्थापन र बिकासका सन्दर्भमा समन्वयका लागि ६ वटा समन्वय बैठक संचालन गरिएको छ ।






# भाग-३

# वन क्षेत्र भित्रका खोला खोल्सी ब्यवस्थापन कार्यक्रम

वनक्षेत्रको जग्गाको ब्यवस्थापनको अभिन्न अंगको रुपमा वनक्षेत्रको खोला खोल्सी ब्यवस्थापन तथा नदिजन्य पदार्थ संकलन कार्य पर्दछ । वन क्षेत्र भित्र रहेका खोला खोल्सीमा ढुंगा, गेग्रान थुप्रदै गई वन क्षेत्रमा डिपोजिट हुनबाट नियन्त्रण गर्ने, खोला किनारा संरक्षण गर्ने, सिल्ट ट्र्याप गर्न तथा पानी रिचार्ज गर्न खोला खोल्सीलाई च्यानलाईज गर्न, माथिल्लो तटदेखी आवश्यक ठाउमा तटबन्ध निर्माण गर्ने र यस्तो कार्य गर्दा उत्पादन हुने नदिजन्य पदार्थ संकलन र बिक्रिबितरण गर्ने यसको उद्धेश्य रहेको थियो । यसका लागि वन क्षेत्र भित्र रहेका खोला खोल्सीहरु पहिचान गरी सो को ब्यवस्थापनका लागि योजना बनाउनुपर्ने र सोही योजना बमोजिम संकलन हुन सक्ने नदिजन्य पदार्थ ठेक्का प्रकृयाबाट संकलन गरी उचित स्थानमा (खोला खोल्सीकै उपयुक्त स्थान तथा वन क्षेत्रमा समेत) घाटगद्धि गर्ने र सो को लिलाम प्रकृया मार्फत् लिलाम बिक्रि गर्ने लक्ष्य रहेको छ ।

कपिलबस्तु जिल्लाको गौतमबुद्ध डिभिजन वन अन्तर्गत खुकबेल खोला, चिराई खोला, मैनार खोला र सुरही खोला खोला खोल्सी ब्यवस्थापन र नदिजन्य पदार्ग संकलनको दृष्टिकोणले मुख्य हुन । यी खोलाहरु चुरे पहाडबाट उत्पन्न भई दक्षिण तर्फ बग्दछन । चुरेको कमजोर भु बनावट तथा जमिनको अबैज्ञानिक प्रयोगबाट बर्षेनी बर्षातको समयमा बाढी पहिरोको कारणले नदिको सतहमा बृद्धि हुदै जाने तथा नदीले धार परिवर्तन गरी रहने भएबाट दक्षिणी भेगमा बसोबास गर्ने मानिसहरुको खेतिबारीको कटान गर्ने, जमिनमुनी पानीको सतह घट्दै जाने समस्याहरु सृजना भएको छ । त्यसैगरी खोला खोल्सीहरुमा बर्षेनी हुने सिल्टेसन को कारण थुप्रिर रहेका नदिजन्य पदार्थलाई नियमसंगत तरिकाबाट संकलन गरी बाढीपहिरोबाट बर्षेनी हुने जनधनको क्षतीमा न्यूनीकरण गर्न, ती नदिजन्य पदार्थको बिक्रि बितरणबाट राजस्व समेत प्राप्त गर्न यस कार्यालयबाट उक्त खोलाहरुको ब्यवस्थापन कार्ययोजना तयार गरिएको छ ।

यस डिभिजन अर्न्तगतका वनक्षेत्रमा रहेका खोला खोल्सीहरुको पहिचान गरी प्रारम्भिक चरणमा सुकबेल, मैनार, सुरही र चिरई गरी ४ वटा मुख्य खोलाको ब्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परिक्षण ९क्ष्भ० प्रतिबेदनस्वीकृत भएको छ । चालु आ.ब.२०८०/०८१ मा उपरोक्त खोलाहरुबाट नदिजन्य पदार्थ संकलन गर्नका लागि बिभिन्न सरोकारवाला निकायहरुबाट अनुगमन, निरिक्षण गराईएको, संकलन गरिने क्षेत्रको पुन नाप नक्सांकन गरिएको भएतापनि अन्तिम अवस्थामा स्थानिय तहबाट रोकावट, सामुदायिक वनबाट बिबाद हुने भयले संकलन गर्न अनिच्क्षा, संकलन हुने नदिजन्य पदार्थको सुरक्षा आदिका कारणले यो कार्यक्रम संचालन हुन सकेन ।





# भाग-४

# कृषि वन तथा बृहत्तर हरियाली प्रबर्द्धन कार्यक्रम

यस बजेट उपशिर्षकमा बिनियोजित बजेटबाट तपसिल बमोजिमका कृयाकलापहरु संचालन गरिएको थियो ।

### ४.१ गत बिगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार संभार र संरक्षण

यस कार्यालयबाट गत बिगत बर्षहरुमा सामुदायिक तथा सार्बजनिक क्षेत्रमा भएका बृक्षारोपण क्षेत्रमा मरेका बिरुवाको ठाउमा पुनःरोपण तथा झाँडीले बढ्न नपाएका बिरुवाहरु भएको क्षेत्रमा झाँडी सरसफाई गरिएको छ। यस कार्यक्रमको मुख्य उद्धेश्य बिगतमा भएको बृक्षारोपणलाई शत प्रतिशत सफल बनाउनु रहेको थियो। यस कार्यक्रमबाट तपसिल बमो जिमको ३३.४० हे. क्षेत्रको बृक्षारोपणको गोडमेल, झाँडी सरसफाई, मृत बिरुवाहरु प्रतिस्थापन गरिएको थियो। न्युन रकम बिनियोजन भई आएकोले उक्त कार्यक्रम सबै बृक्षारोपण क्षेत्रमा लागु गर्न सकिएको थिएन।

| सि.नं. | सब-डि.व.का. | बृक्षारोपण भएको क्षेत्र | गोडमेल गरिएको क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | चापापुर | बेलवा सा.व. बुद्धभूमी ८ | १५ | |
| २ | खगेन्द्रपुर | रहतायल सा.व., शिवराज ३ र ५ | ६.४ | |
| ३ | शिवपुर | मनकामना सा.व. शिवराज १ | ४ | |
| ४ | शिवगढी | सुन्दर सा.व. विजयनगर गा.पा.५ | ४ | |
| ५ | ठकुरापुर | गंगासागर सा.व. विजयनगर गा.पा.५ | ४ | |
| | जम्मा | | ३३.४ हे. | |



गत आ.व.मा बृक्षारोपण गरिएको क्षेत्र बेलवा सा.व. बुद्धभूमी ८ स्थित बृक्षारोपण क्षेत्र गोडमेल



गत आ.व.मा बृक्षारोपण गरिएको क्षेत्र रुतावल सा.व. शिवराज ३ स्थित बृक्षारोपण क्षेत्र गोडमेल

### ४.२ नर्सरी मर्मत/स्तरोन्नत्तिः

डिभिजन तथा सब डिभिजनमा अवस्थित नर्सरीको मर्मत सुधार तथा स्तर उन्नत्ति गरी गुणस्तरयुक्त बिरुवा उत्पादन गर्न यस डिभिजन अन्र्तगतको कार्यालय परिसरमा रहेको स्थायी नर्सरीमा नर्सरी वरिपरि पक्कि ढलान गर्ने, नर्सरी वरीपरि सिँचाई कुलो सरसफाई गर्ने, नर्सरीमा बिरुवा ढुवानी गर्न सहजताको लागि बाटो मर्मत तथा स्तरोन्नत्ति गर्ने लगायतका कार्य सम्पन्न गरिएको छ।





### ४.३ गत बर्षको बहुबर्षिय बिरुवा स्याहार संभार

गत बर्षमा उत्पादन गरी यस आर्थिक बर्षमा अल्या भई आएको बिभिन्न जातको ५७,६५० गोटा बिरुवाहरु रोपण गर्न अझ योग्य बनाउन, स्वस्थ र परिपक्क बनाउन र रोपण भएपछि बृक्षारोपण स्थापनाको सुनिश्चित गर्न उक्त बिरुवाहरुको स्याहार संभार गरिएको छ। गत बर्षमा उत्पादन गरिएका उक्त बिरुवाहरु आम्दानी बाधी चालु आ.ब.मा अल्या गरिएको र उक्त बिरुवाहरु जात अनुसार एकत्रित गरिएको, ग्रेडिंग गरिएको, नियमित सिंचाई, गोडमेल, ठुला बिरुवाको लागि स्पेस मेन्टेन गरिएको, रुट प्रुनिंग र आवश्यक्ता अनुसार मलजल, छहारी ब्यवस्थापन, औषधोपचार र नर्सरी नाईके समेतको ब्यवस्थाप गरिएको थियो।



### ४.४ आगामी आ.ब.का लागि बहुबर्षिय बिरुवा उत्पादन:

बृक्षारोपणका लागि सानो साईज र कम उमेरको बिरुवाहरु बृक्षारोपण गर्दा स्याहार संभार धेरै गर्नु पर्ने र बिरुवाको मृत्युदर पनि बढी हुने भएकोले बृक्षारोपण भएको बिरुवाको अधिकतम स्थापनाको लागि ठुला र परिपक्क बिरुवा रोपणलाई अभिप्रेरित गर्न चालु आ.ब. मा बिभिन्न जातको २६,५०० गोटा बहुबर्षिय बिरुवाहरु उत्पादन गरिएको छ। उक्त बिरुवाहरु आगामी आ.ब.मा थप स्याहार संभार गरी परिपक्क भैसकेपछि बितरण गरिने गरी चालु आ.ब.मा बितरण नगरी नर्सरी मै स्याहार संभार गरी राखिएको छ।

| शि.नं. | बजेट श्रोत | कुल बजेट | खर्च रकम | बिरुवा उत्पादन लक्ष्य | उत्पादन संख्या | मौज्दात संख्या |
|---|---|---|---|---|---|---|
| १. | कृषि वन तथा हरियाली प्रवर्द्धन | ६.२५ लाख | ६.२५ लाख | २५००० | २६५०० | सबै मौज्दात, आगामी आ.ब.मा बितरण हुने |



### ४.५ चालु आ.ब.का लागि एकबर्षिय बिरुवा उत्पादन:

यस डिभिजन अर्न्तगत खाली रहेका निजी, सार्बजनिक तथा वनक्षेत्रमा बृक्षारोपण गर्न, स्थानिय कृषकहरुको निजी आवादी जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय, चन्द्रौटा परिसरको नर्सरीमा बिभिन्न जातका १,२२,३६० गोटा एक बर्षिय बिरुवा उत्पादन गरिएको छ। स्थानियस्तरमा बढी माग हुने प्रजाति, उपभोक्ताहरुको रुची र कृषि वनको लागि आवश्यक पर्ने जात समेतलाई मध्यनजर गरी बिभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजातिका बिरुवा उत्पादन गरिएको छ।

| सि.न. | बजेट स्रोत | कुल बजेट | खर्च रकम | बिरुवा उत्पादन लक्ष्य | उत्पादन संख्या | मौज्जात संख्या |
|---|---|---|---|---|---|---|
